# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्म)

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

बागमती प्रदेश

२०७८

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्म)

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

२०७८

## मन्तव्य

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश सरकारले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्यरुपमा आगामी पहिलो आर्थिक वर्षको खर्च अनुमान र त्यस पछिका दुई आर्थिक वर्षको खर्च प्रक्षेपण गरी तीन वर्षको चक्रिय बजेट प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। आवधिक योजना तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुले लिएका समष्टिगत विषय, क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। मध्यमकालीन खर्च संरचनालाई आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रुपमा लिने गरिन्छ।

नेपालको संविधानले लोक कल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ । संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमवाट लोकतन्त्रका आधारभूत मूल्य मान्यता, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्न **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्यलाई आत्मसात् गर्दै बागमती प्रदेशको **"सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मूख समृद्ध प्रदेश"** भन्ने दीर्घकालिन सोच हासिल गराउन मध्यमकालीन खर्च संरचना सहयोगी हुने देखिन्छ।

खर्च प्रक्षेपण गर्दा आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, २०३० को मार्ग चित्रका साथै कोभिड १९ महामारीको सम्भावित असर तथा प्रभाव लगायतका विषयहरुलाई समेत आधार लिइएको छ। मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालीन लक्ष्य निर्धारण गरी खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका प्रस्तुत गरिएको छ। मध्यमकालीन खर्च संरचनाले राखेको लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्दै लैजानु आजको आवश्यकता रहेको छ।

अन्त्यमा यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुनुहुने यस मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**कैलाश प्रसाद ढुङ्गेल**
**आर्थिक मामिला तथा योजना मन्त्री**

**२०७८ जेष्ठ**

# विषयसूची


| क्रम संख्या | अनुदान संख्या | मन्त्रालयगत/निकायगत | | पाना नं. |
|---|---|---|---|---|
| १ | | प्रदेश सरकारको आ.व. २०७८/०७९ देखि २०८०/०८१ सम्मको मध्यकालीन खर्च संरचना | ........................................................ | A - E |
| २ | २०२ | प्रदेश-सभा सचिवालय | ........................................................ | १ |
| ३ | २१० | प्रदेश लोक सेवा आयोग | ........................................................ | ३ |
| ४ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ........................................................ | ५ |
| ५ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ........................................................ | ७ |
| ६ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ........................................................ | ९ |
| ७ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ........................................................ | ११ |
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ........................................................ | १७ |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ........................................................ | २१ |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ........................................................ | २३ |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | ........................................................ | २८ |
| १२ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ........................................................ | ३१ |
| १३ | ५०१ | वित्तीय व्यवस्था | ........................................................ | ३३ |

# प्रदेश सरकारको
# आ.व. २०७८/०७९ देखि ०८०/०८१ सम्मको
# मध्यमकालीन खर्च संरचना

**पृष्ठभूमिः**

नेपालको संविधानले लोक कल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेश **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोच पूरा गर्ने प्रतिवद्धता तर्फ उन्मुख रहेको छ।

प्रदेश आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि उच्च आर्थिक बृद्धि हासिल गर्ने प्रकृतिका विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। संघीय सरकारको पन्ध्रौ योजनासँग तादाम्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आ.व. २०७८/०७९ —२०८०/०८१) तर्जुमा गरिएको छ। यस त्रिवर्षीय खर्च संरचना तयार गर्दा दीर्घकालीन सोच सहितको राष्ट्रिय पन्ध्रौं योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई प्रमुख आधारको रुपमा लिइएको छ। मुलुकका तीनै तहका सरकार एवं सबै सरोकारवालासँगको सहकार्य र समन्वयमा कोभिड — १९ ले अर्थतन्त्रमा पारेका असर तथा प्रभावलाई न्यूनीकरण गर्ने तथा कोरोना भाईरस सङ्क्रमण नियन्त्रण, रोकथाम र उपचार गरी नागरिकहरुको जीवन सहज बनाउन राहत तथा पुनरुत्थानमा जोड दिँदै उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य सहित यो खर्च संरचना तयार गरिएको छ।

देशको दशौं योजना (२०५९/०६० — २०६३/०६४) को प्रारम्भसँगै कार्यक्रम तथा आयोजनालाई प्राथमिकीकरणको निश्चित आधार तोकी पहिलो, दोस्रो र तेस्रो प्राथमिकता निर्धारण गरी शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता क्षेत्रमा पहिलो थालनी गर्दै आ.व. २०५९/०६० बाट मध्यमकालीन खर्च संरचना सुरुआत भएको देखिन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मध्यमकालीन खर्च संरचनालाई अनिवार्य गरेसँगै आ.व. २०७५/०७६ देखि परिमार्जित ढाँचामा पुनः सुरूआत भएको छ। आ.व. २०७५/०७६ देखि पहिलो र दोस्रो प्राथमिकतामा रहेको कार्यक्रम/आयोजना समेत मध्यमकालीन खर्च संरचनामा वर्गीकरण गरिएको छ।

**परिचयः**

आवधिक योजनालाई बजेटसँग र बजेटलाई कार्यक्रमसँग जोड्ने औजारलाई मध्यमकालीन खर्च संरचना (Mid Term Expenditure Framework (MTEF)) भनिन्छ। जुन खर्चको ३ वर्षे प्रक्षेपण गर्ने विधि एवं सरकारी खर्चको अग्रिम योजना पनि हो। आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गर्ने त्रिवर्षीय चक्रीय योजना हो। मध्यमकालीन खर्च संरचनाबाट प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गराउन सकिन्छ। सार्वजनिक वित्त व्यवस्थापनको यस औजारले प्राथमिकीकरण, प्रति एकाई लागत अनुमान र खर्च तथा स्रोतको प्रक्षेपण समेत गर्दछ ।

**सोचः**

- "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने प्रदेशको निर्माण गर्ने।
- **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेशले लिएको **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** सहितको लक्ष्य हासिल गर्ने।

**उद्देश्यहरुः**

- आवधिक योजना र बजेट बीचको तादम्यता कायम गर्ने ।
- सरकारी खर्चमा पारदर्शिता बढाउने,

- वित्तीय जवाफदेहिता अभिवृद्धि गर्ने।
- स्रोत साधनको कुशलतम् परिचालन गरी सरकारको प्राथमिकता प्राप्त आयोजना/योजनामा बजेट सुनिश्चित गर्ने,
- गैर बजेटरी खर्च नियन्त्रण गर्ने,

**<u>रणनीतिः</u>**

- तीब्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- स्वास्थ्य सेवाको विश्वसनियता अभिवृद्धि, पूर्वाधार विकास र नागरिकको जिउधनको रक्षा गर्ने।
- शिक्षा क्षेत्रमा लगानी वढाउँदै प्राविधिक, सीपयुक्त, जीवनपयोगी गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने,
- उच्च प्रतिफल लिन सकिने प्रकृतिका पूर्वाधार आयोजनामा लगानी गर्ने।
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,
- गरिबी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने, र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।
- प्रादेशिक विकासमा संघीय सरकार र स्थानीय तहसँगको सहभागिता, समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

**<u>आवश्यकताः</u>**

- योजनालाई बजेटसँग र बजेटलाई कार्यसम्पादनसँग आवद्ध गरी साधनलाई उपलब्धिमूलक बनाउन,
- आयोजनाहरुको प्राथमिकीकरण गर्न,
- प्राथमिकता प्राप्त आयोजनालाई साधनको सुनिश्चितता गर्न,
- सिमित साधन र असिमित आवश्यकता बिचको खाडल कम गर्न,
- सरकारी खर्च प्रवाहको भविष्यवाणी गर्न,
- खर्चको अग्रिम अनुमान गर्न,
- सरकारका सबै अंगको भूमिका स्पष्ट गर्न,

- बहुवर्षीय ठेक्कालाई सहयोग गर्न,
- सरकारी खर्च व्यवस्थाको कमी कमजोरी हटाउन,
- सरकारको स्रोत साधनलाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई प्राथमिकताको आधारमा बाँडफाँट गर्न,
- सार्वजनिक खर्चमा मितव्ययीता हासिल गर्न।

**कानूनी आधारः**

(क)अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद - ६ (सार्वजनिक खर्च व्यवस्थापन) दफा १७ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको।

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यमकालीन खर्च संरचनामा देहायका विवरण मिलाउनु पर्नेछ -

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

(छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यकालीन खर्व संरचना आ-आफ्नो प्राथमिकता र आश्यकताका आधारमा तयार गर्न सक्नेछन्।

(ख) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद - ३ (राजस्व र व्ययको अनुमान) दफा ५ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजना मार्गदर्शनको रुपमा लिएर तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, त्यसबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको लागि प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरण सम्झनु पर्छ।

(३) मध्यकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

(ग) प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद - ४ (बजेट तथा कार्यक्रम सम्बन्धी व्यवस्था) दफा १९ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको अनुसूची-१ बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ। योजना तथा कार्यक्रमको प्राथमिकीकरणको आधार मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(२) मध्यकालीन खर्च संरचना तयार गर्ने कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

# मन्त्रालयगत/निकायगत
# त्रिवर्षीय खर्च प्रक्षेपण

# प्रदेश-सभा सचिवालय

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था रहेसंगै संविधानको धारा १७५ मा प्रदेश व्यवस्थापिकाको स्थापनाको व्यवस्था रहेको छ।

प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण कार्य गर्नुका अतिरिक्त संविधानको उद्देश्यहरु प्राप्ति तर्फ उन्मुख हुने गर्दछ। ती कार्यहरु मर्यादितरुपमा व्यवस्थापन गर्न बागमती प्रदेश, प्रदेश सभा नियमावली, २०७४ मा सभामुख र उप सभामुखको व्यवस्था तथा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरुको व्यवस्था गरेको छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यक्ता पर्ने हुनाले प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

**सोचः**

- प्रदेश स्तरीय राज्य व्यवस्थामा विधिको शासन र संविधानको भावनालाई सम्मान गर्ने।

**उद्देश्यः**

- सार्वजनिक सरोकारका विषयमा जनहित प्रवर्धन गर्न आवश्यक विधेयकको औचित्यता पुष्टि गर्दै कार्यान्वयनको लागि पास गर्ने।
- सरकारका हरेक गतिविधीमा संसदीय समिति मार्फत निगरानी एवं निर्देशन गर्दै सरकार सञ्चालनका लागि मार्ग प्रसस्त गर्ने।
- सार्वभौम संसदको रुपमा रहेको सभाले सरकार गठन र अविश्वासको प्रस्तावको माध्यमबाट शखक्त पृथकीकरणको सिद्धान्त अवलम्बन गर्दै समिति सरकारको अवधारणालाई मुर्त रुप दिने।

**लक्ष्यः**

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने।

- संसदको विधायिकि कार्यमा सहयोग गर्ने।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्त्वय गर्ने।

**रणनीतिः**

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने ।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने ।
- संसदको विधायिकी कार्यमा सहयोग गर्ने ।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्वय गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण:**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २०२००००१ | प्रदेश सभा | १०५०९ | ० | ० | १०५०९ | ११५६० | ० | ० | ११५६० | १२७१६ | ० | ० | १२७१६ |
| २०२०००११ | प्रदेश सभा | २२८४६४ | ० | ० | २२८४६४ | २५१३१० | ० | ० | २५१३१० | २७६४४१ | ० | ० | २७६४४१ |
| २०२०००१२ | प्रदेश सभा सचिवालय | ४७६६५ | ५३५०० | ० | १०११६५ | ५२४३२ | ५८८५० | ० | १११२८२ | ५७६७५ | ६४७३५ | ० | १२२४१० |

# प्रदेश लोक सेवा आयोग

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने व्यवस्था रहेको छ। संघीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मंसिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको छ। साथै २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको छ।

**सोचः**

- निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्ने।

**उद्देश्यहरुः**

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र अन्य सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने।

**लक्ष्यः**

- प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरुमा उचित पद्दति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने।

**रणनीति :**

- प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरुमा उचित पद्दति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संशाधन छनौट गरी सिफारिस गर्ने।

## त्रिवर्षीय खर्च प्रक्षेपण :

(रु.हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २१०००००१ | प्रदेश लोक सेवा आयोग | ६९०३ | ० | ० | ६९०३ | ७५९३ | ० | ० | ७५९३ | ८३५३ | ० | ० | ८३५३ |
| २१००००११ | प्रदेश लोक सेवा आयोग | ९०१६२ | ११२५० | ० | १०१४१२ | ९९१७८ | १२३७५ | ० | १११५५३ | १०९०९६ | १३६१३ | ० | १२२७०९ |

# मुख्य न्यायाधिवक्ताको कार्यालय

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा १६० (१) मा  प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने प्रावधान छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तब्य हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ। बागमती प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अन्य काम, कर्तव्य र अधिकार समेत तोकिएको छ। जस अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवं कानूनको ब्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, प्रदेश सरकारले तोकेको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय प्रदान गर्ने लगायतका काम कर्तब्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ। मुख्य न्यायाधिवक्ताको संवैधानिक एवं कानूनी जिम्मेवारी बहन गरी कार्य सम्पादन गर्न कै लागि यस कार्यालयको स्थापना भएको हो।

**सोचः**

- प्रदेश सरकारलाई कानून बमोजिम कार्यसम्पादन गर्न सहयोगी भुमिका निर्वाह गर्नु एवं प्रदेश सरकारको मुख्य कानूनी सल्लाहको भुमिका निर्वाह गर्नु ।

**उद्देश्यः**

- प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई संबैधानिक वा कानूनी  विषयमा राय परामर्श माग गरेमा कानूनी राय प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षबाट बहश पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि आवश्यक कार्य गर्ने।

**लक्ष्यः**

- संविधान र कानूनी प्रश्नमा सरकारले मागेको राय सल्लाह सुझाव प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षबाट बहश पैरवी गर्ने।
- महान्यायाधिवक्तासंग समन्वय गरी प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी मुख्यमन्त्री र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने।

**रणनीति**

- संवैधानिक एवं कानूनी प्रश्नमा प्रदेश सरकार वा मातहतका निकायका पदाधिकारीले कानूनी राय माग भएमा राय प्रदान गर्ने ।
- प्रदेश सरकारको निहित सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फ वाट प्रमाण बहस प्रतिरक्षा गर्ने ।
- महान्यायाधिवक्ताको कार्यालय संग समन्वय गरी थुनामा रहेका कैदी/बन्दी लाई मानवोचित व्यवहार भए नभएको अदालतवाट स्थापित नजीर वा फैसलाको पालना गर्ने गराउने ।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २१६०००११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १६६९३ | १२५० | ० | १७९४३ | १८३६२ | १३७५ | ० | १९७३७ | २०१९९ | १५१३ | ० | २१७११ |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**पृष्ठभूमिः**

वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानअनुसार शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई निर्वाचित जनप्रतिनिधि मार्फत २०७४ साल माघ २९ गते प्रदेश सरकार गठन भएको थियो। संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रूपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्त्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेशभित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, प्रदेशका सबै मन्त्रालयहरूको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन एवम् सूचना प्रविधि प्रयोग र अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरूको कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ। अतः आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र वार्षिक बजेटअनुसार सम्पादन भएका क्रियाकलापहरूको आधारमा यो प्रगति अर्धबार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

**सोचः**

- "सुसंस्कृत र सुखी जनताः समाजबाद उन्मुख समृद्ध प्रदेश"

**उद्देश्यहरुः**

- संघीय शासन प्रणाली अनुरुप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।
- निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु।
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित समृद्ध प्रदेश गर्नु।
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु ।
- पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिस्चित गर्नु ।

- भ्रष्टाचार नियन्त्रण गरी सदाचारयुक्त समाज निर्माण गर्नु ।
- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर सरकार समन्वय गरी गुणस्तरिय सेवा प्रवाह गर्नु।
- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुचयोग्य बनाई विकास प्रकृयालाई अपेक्षाकृत बनाउनु ।

**लक्ष्यः**

- "प्रशासनमा सुशासन, सेवा प्रवाहमा पारदर्शीता, नेतृत्वमा गतिशीलता, शासन व्यवस्थामा नागरिकको सहभागीता"

**रणनीतिः**

- सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण गर्न आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयनमा ल्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार ल्याउने, क्षमता विकास गर्ने, स्थानीय तह र सङ्घसँग समन्वय गर्ने, विकास निर्माणका काममा नियमन र सहजीकरण गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण :**

(रु.हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०१०००११ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४५५७४ | १३८५५० | ० | ३८४१२४ | २७०१३१ | १५२४०५ | ० | ४२२५३६ | २९७१४५ | १६७६४६ | ० | ४६४७९० |
| ३०१९११२० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | ३३०९०० | ० | ० | ३३०९०० | ३६३९९० | ० | ० | ३६३९९० | ४००३८९ | ० | ० | ४००३८९ |
| ३०१९११२१ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (संघ सशर्त अनुदान) | २३०० | ० | ० | २३०० | २५३० | ० | ० | २५३० | २७८३ | ० | ० | २७८३ |

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक बमोजिम मिति २०७४ साल माघ २८ गते आर्थिक मामिला तथा योजना मन्त्रालय गठन भई कार्यारम्भ भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व यस मन्त्रालयमा रहेको छ। यही जिम्मेवारीलाई आत्मसाथ गर्दै हालसम्म ४(चार) आर्थिक वर्षको पुर्ण बजेट निर्माण गरिसकेको अवस्था छ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यस मन्त्रालय स्थापना भएको हो। मन्त्रालयको मातहतमा प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ। प्रदेश सरकारको संचित कोषको संचालन गर्ने, आन्तरिक लेखापरिक्षण गर्न तथा प्रदेशको एकिकृत आर्थिक विवरण तयार गरि तोकिएका निकायहरु समक्ष पेश गर्ने कार्यका लागि यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले प्रदेश सरकारलाइ प्राप्त आयको लेखा राख्ने, प्रदेश सरकारको एकिकृत वित्तिय विवरण तयार गर्ने, बागमती प्रदेश भित्रका सरकारी कार्यालयहरुलाइ स्वीकृत बजेट तथा कार्यक्रम अनुसार रकम निकासा दिने र त्यस्तो निकासा खर्चको लेखा/श्रेस्ताको आन्तरिक लेखापरिक्षण गर्ने र लेखा समूहका कर्मचारीहरुको व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

**सोचः**

- सबल वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापन मार्फत दिगो, फराकिलो तथा उच्चदरको आर्थिक वृद्धि हासिल गरी प्रदेशको आर्थिक सक्षमता अभिवृद्धि गर्ने।

**उद्देश्यः**

- उपलव्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकासमा सघाउँ पुर्‍याउने।

**लक्ष्यः**

- राजश्वका स्रोतहरुको क्षेत्र पहिचान गरी आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पु¥याउने।

**रणनीतिः**

- राजश्वका स्रोतहरुको क्षेत्र पहिचान गरि आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पु¥याउने।

**त्रिवर्षीय खर्च प्रक्षेपण:**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०५०००११ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०१७३९ | १८७१५ | ० | १२०४५४ | १११९१३ | २०५८७ | ० | १३२४९९ | १२३१०४ | २२६४५ | ० | १४५७४९ |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रकको कार्यालय | २८६७८ | ७९१८ | ० | ३६५९६ | ३१५४६ | ८७१० | ० | ४०२५६ | ३४७०० | ९५८१ | ० | ४४२८१ |

## १. त्रिवर्षीय राजस्व तथा आय प्रक्षपणः

**राजस्व तथा आयतर्फको प्रक्षेपण**

**(आ.व. २०७८/०७९ – २०८०/८१)**

(रु. हजारमा)

| शिर्षक | पहिलो वर्ष (२०७८/०७९) | दोस्रो वर्ष (२०७९/०८०) | तेस्रो वर्ष (२०८०/०८१) |
|---|---|---|---|
| कर राजस्व | २३८२१८०० | २६२०३९८० | २८८२४३७८ |
| अन्तरसरकारी अनुदान | १६९२६८०० | १८६१९४८० | २०४८१४२८ |
| अन्य राजस्व | ६८२१३३१ | ७५०३४६४ | ८२५३८११ |
| राजस्व बचत | ९१००००० | ८४६३००० | ७८७०५९० |
| विविध प्राप्ति | १०५०९९६ | ११५६०९६ | १२७१७०५ |
| **जम्मा** | **५७७२०९२७** | ६३४९३०२० | ६९८४२३२२ |

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**पृष्ठभूमि :**

प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ अनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई उद्योग, वाणिज्य, आपूर्ती, पर्यटन, संस्कृती, वन र वातावरण सम्बन्धी ६७ वटा कार्य जिम्मेवारी तोकिएको छ। नेपालको दिगो विकासमा उद्योग, पर्यटन तथा वन क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ। उद्योग र वन आर्थिक क्षेत्रका क्षेत्रका मुख्य अङ्ग हुन। यसले देशमा रोजगारीको सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता, स्थानीय समुदायको आधारभूत वन पैदावारको आवश्यक्ता पूर्ति गर्नमा सहयोग पुऱ्याउँछ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितात्द्वारा दिगो एवम् बृहत आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरीब न्युनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। त्यसैगरी जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक, सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा रहन गएको छ।

त्यसैगरी वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धिका साथै वैदेशिक वस्तुको व्यापार साथै सेवाको व्यापारबाट नवोदित अर्थतन्त्रले बढी फाइदा लिन व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ र प्राकृतिक, साँस्कृतिक, साहसिक ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तब्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई अर्थतन्त्रको एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ। पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ। त्यसैगरी ज्ञानमा आधारित आधुनिक अर्थतन्त्रको निर्माण गर्दै दिगो विकास गर्न विज्ञान प्रविधि महत्वपूर्ण हुन आउँछ। खासगरी परमाणु प्रविधि, अन्तरिक्ष विज्ञान, जैविक प्रविधि, अतिसूक्ष्म प्रविधि र अन्य नवीनतम खोजका क्षेत्र लगायतका विधामा सुरु भएका कार्यलाई प्रभावकारी रुपमा अघि बढाउँदै तिनको प्रयोगबाट द्रुततर आर्थिक विकासमा लाग्नुपर्ने आवश्यक्ता टड्कारो देखिएको छ।

**सोच :**

- सघन तथा विविधतायुक्त वनश्रोत, विशिष्टीकरण जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र।
- अर्थतन्त्रमा उद्योग तथा वाणिज्य क्षेत्रको विकास तथा विस्तार गरी स्वावलम्वी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै अर्थतन्त्रको पुनरोत्थान।

- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण।
- आर्थिक समृद्धिका लागि पर्यटन प्रवर्द्धन र विकास।

**उद्देश्य :**

- वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने।
- जलवायु परिवर्तनबाट असर पर्ने क्षेत्र र समुदायको पुनरुत्थानका लागि न्यूनीकरण र अनुकूलन कार्यहरु सञ्चालन गरी मानवको जीवन यापनमा सहजता ल्याउने।
- वातावरणको संरक्षणका लागि जल, जमिन, हावामा हुने प्रदुषण कम गर्ने।
- विकास र वातावरणको बीच सन्तुलन कायमगरी दिगो विकासको समग्रता गर्ने।
- प्रदेश भित्रको स्थानीय श्रोतको दिगो सदुपयोगबाट औद्योगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी बृद्धि गर्ने।
- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्ने।
- प्रदेश भित्रको स्थानीय श्रोतको दियो सदुपयोगबाट औधोगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी बृद्धि गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रबर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामिण तहसम्म विस्तार गर्ने।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्ने।
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने ब्यवस्था मिलाउने।
- बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउदै विपद्को समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्ने।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउने।
- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने।
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्ने।

- नेपालका प्रमुख पर्यटकीय उपजहरुको बजारीकरण तथा प्रबर्द्धन गर्ने।
- धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रको संरक्षण र प्रबर्द्धन गरी पर्यटन विकासलाई बहुउद्देशीय, बहुआयामीक बनाउने।

**लक्ष्य:**

- औधोगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।
- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्बर्द्धन, ब्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी परिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रबर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्ने।
- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सर्वसुलभ वितरणको ब्यवस्था मिलाई आपूर्ति ब्यवस्था प्रभावकारी बनाउने।
- पर्यटन पूर्वाधार तथा पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिबृद्धि गर्ने।
- लाभको न्यायोचित वितरण गर्ने।
- समाजवाद उन्मुख कार्यक्रम तर्जुमा गरी सामाजिक, आर्थिक, भौतिक विकास गर्ने।

**रणानीतिः**

**क) उद्योगः**

- औद्योगिक लगानीका निम्ति अनुकूल वातावरण तयार गर्ने ।
- स्थानीय स्रोत साधन, परम्परागत सिप र प्रविधिमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने,
- उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने,
- समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने,

**ख) वाणिज्य आपूर्तिः**

- स्वच्छ र स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुहरुको सुलभ आपूर्ती र वितरण प्रणालीको विकास गर्ने,
- निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने,

**ग) पर्यटनः**

- नयाँ पर्यटन गन्तव्यहरुको पहिचान र विकास गर्ने,
- उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रबर्धन गर्ने,
- पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वासनीय बनाउने

**घ) वन तथा भू-संरक्षणः**

- वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने,
- प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरु सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने,
- वन्यजन्तु ओहोर-दोहर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति व्यवस्थाद्धारा मानव-वन्यजन्तु बीचको द्धन्द घटाउने,
- समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुऱ्याउने,
- नदी प्रणालीमा आधारित एकिकृत जलाधार व्यवस्थापनको योजना तर्जूमा गरी कार्यान्वयन गर्ने,
- चुरे अतिक्रमण र वन्यजन्तु चोरी शिकारी जस्ता गैह्र कानूनी र वातावरण विनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषिवनजस्ता वैकल्पिक जीवनयापनका उपायहरुको प्रबर्धन गर्ने,

**ङ) वातावरणः**

- यातायातका साधनहरु तथा उद्योगलाई वातावरणमैत्री उन्मुख, वैकल्पिक उर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने,
- नगर तथा नगर उन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनः प्रशोधन र पुन प्रयोग विधि अवलम्बन गर्ने,
- कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टामा स्थानीय सामाग्रीबाट उत्पादित वातावरणमैत्री झोला उपयोगमा ल्याउने,
- प्रदुषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा आबद्ध गर्ने ।

**च) जलवायू परिवर्तन अनुकूलनः**

- उपलब्ध पानीका श्रोतहरुको संरक्षण तथा बैकल्पिक उपायहरु अबलम्बन गर्ने,
- जलवायू ज्ञान व्यवस्थापन तथा मौसम पुर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने,

- चरम जलवायूजन्य घटनाहरुको पहिचान गरी मानवस्वास्थ्यको रक्षा गर्ने ,
- जलवायूमैत्री उर्जा र कृषि प्रविधिको छनौट र विस्तार गर्ने,
- अन्तराष्ट्रिय अभिसन्धिहरुबाट बनेका जलवायूकोष र संयन्त्रहरुबाट उपलब्ध वित्तीय सहयोग तथा लाभ हासिल गर्ने,

### छ) धर्मिक तथा सांस्कृतिकः

- पुरातात्त्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरुको संरक्षण, सम्बर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने ।

### त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६२९५१ | २८०४५ | ० | ९०९९६ | ६९२४६ | ३०८५० | ० | १०००९६ | ७६१७१ | ३३९३४ | ० | ११०१०५ |
| ३०७०००१५ | उपत्यका पर्यटन कार्यालय | १११२३ | ६९३ | ० | ११८१६ | १२२३५ | ७६२ | ० | १२९९८ | १३४५९ | ८३९ | ० | १४२९७ |
| ३०७००१०१ | पर्यटन विकास आयोजना | ६३३६ | २४२ | ० | ६५७८ | ६९७० | २६६ | ० | ७२३६ | ७६६७ | २९३ | ० | ७९५९ |
| ३०७००१०५ | भू तथा जलाधार संरक्षण कार्यक्रम | १००२० | ४६७९२५ | ० | ४७७९४५ | ११०२२ | ५१४७१८ | ० | ५२५७४० | १२१२४ | ५६६१८९ | ० | ५७८३१३ |
| ३०७००१०६ | राष्ट्रिय वन संरक्षण तथा ब्यस्थापन कार्यक्रम | १०७४४५ | १६१०७५ | ० | २६८५२० | ११८१९० | १७७१८३ | ० | २९५३७२ | १३०००८ | १९४९०१ | ० | ३२४९०९ |
| ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | ६७३८९ | ३०५८५० | ० | ३७३२३९ | ७४१२८ | ३३६४३५ | ० | ४१०५६३ | ८१५४१ | ३७००७९ | ० | ४५१६१९ |
| ३०७००११४ | पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | ३२४५० | १४४०४५५ | ० | १४७२९०५ | ३५६९५ | १५८४५०१ | ० | १६२०१९६ | ३९२६५ | १७४२९५१ | ० | १७८२२१५ |
| ३०७००११५ | वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम | ४५१९९ | १६२४०० | ० | २०७५९९ | ४९७१९ | १७८६४० | ० | २२८३५९ | ५४६९१ | १९६५०४ | ० | २५११९५ |
| ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १५११० | ६५० | ० | १५७६० | १६६२१ | ७१५ | ० | १७३३६ | १८२८३ | ७८७ | ० | १९०७० |
| ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरु | ११२६५७ | २३६९१ | ० | १३६३४८ | १२३९२३ | २६०६० | ० | १४९९८३ | १३६३१५ | २८६६६ | ० | १६४९८१ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०७०२०११ | वन निर्देशनालय | २३७८९ | ७१५० | ० | ३०९३९ | २६१६८ | ७८६५ | ० | ३४०३३ | २८७८५ | ८६५२ | ० | ३७४३६ |
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | ७२४५०९ | १०३०५६ | ० | ८२७५६५ | ७९६९६० | ११३३६२ | ० | ९१०३२२ | ८७६६५६ | १२४६९८ | ० | १००१३५४ |
| ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | २७२१२ | ८०० | ० | २८०१२ | २९९३३ | ८८० | ० | ३०८१३ | ३२९२७ | ९६८ | ० | ३३८९५ |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १०३१६ | ४२५० | ० | १४५६६ | ११३४८ | ४६७५ | ० | १६०२३ | १२४८२ | ५१४३ | ० | १७६२५ |
| ३०७९११२० | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | १०४०० | ० | ० | १०४०० | ११४४० | ० | ० | ११४४० | १२५८४ | ० | ० | १२५८४ |
| ३०७९११२१ | वन तथा भू-संरक्षण (संघ सशर्त अनुदान) | ४०००० | ० | ० | ४०००० | ४४००० | ० | ० | ४४००० | ४८४०० | ० | ० | ४८४०० |
| ३०७९११२२ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) | ४६१०० | ० | ० | ४६१०० | ५०७१० | ० | ० | ५०७१० | ५५७८१ | ० | ० | ५५७८१ |
| ३०७९११२३ | जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) | ३०००० | ० | ० | ३०००० | ३३००० | ० | ० | ३३००० | ३६३०० | ० | ० | ३६३०० |
| ३०७९११२४ | जडिबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान) | २५५०० | ० | ० | २५५०० | २८०५० | ० | ० | २८०५० | ३०८५५ | ० | ० | ३०८५५ |
| ३०७९११२५ | वातावरण (संघ सशर्त अनुदान) | ३०५०० | ० | ० | ३०५०० | ३३५५० | ० | ० | ३३५५० | ३६९०५ | ० | ० | ३६९०५ |

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**पृष्ठभूमिः**

नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो। राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि क्षेत्रको विकास महत्त्वपूर्ण हुन्छ। बागमती प्रदेशमा कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको विकास र समृद्धिको लागि यस मन्त्रालयलाई कार्य जिम्मेवारी तोकिएको छ। पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब १२.३१ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा ३०.९८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्त्व छ। उत्पादनका साधनको रूपमा रहेको प्रचुर जमिन र दुई तिहाइ उत्पादक शक्तिको रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ। कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्ने संबैधानिक नीति अनुरुप कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात गरी समाजको अग्रगामी रूपान्तरणको दिशामा अघि बढ्नु आजको टड्कारो आवश्यकता बनेको छ।

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका बिभिन्न साझेदारहरुसँग समन्वय गर्दै कृषि तथा पशुपंक्षी विकासका कार्यहरु गर्नुपर्ने देखिन्छ । त्यस्तै दिगो विकासको भोक अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ। कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ । यसबाट देशको आर्थिक वृद्धिमा योगदान पुग्ने मात्र नभई समावेशी रुपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरुमा पुऱ्याउन सकिने अवसर पनि रहेको छ ।

सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने संबैधानिक नीति रहेको छ। सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक बिकासमा योगदान पुर्याउनु सहकारीको मुख्य उद्देश्य हो। गरीबी निवारण, उत्पादक, पूर्ण रोजगारी सिर्जना, सामाजिक एकिकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण रहेको छ ।
कृषि तथा भूमिसुधार सम्बन्धि नीति अवलम्वन गरी भूमि व्यवस्थापन, भूमि प्रशासन, जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धि प्रादेशिक नीति, कानुन, तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमनको आवश्यकता रहेको छ ।

**सोचः**

- खाद्य सम्प्रभूत्ता सुनिश्चतता सहितको आत्मनिर्भर र संमृद्ध प्रदेश।

**उद्देश्यः**

- कृषि क्षेत्रलाई दीगो, प्रतिस्पर्धी आधुनिक र व्यावसायिक वनाउने।
- प्रति इकाई जमिन तथा कृषि श्रमिकको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत उद्योग प्रवर्द्धन गरी निर्यात गर्ने अवस्था सृजना गर्ने।
- एकिकृत कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बृहत्तर उत्पादन क्षेत्र बनाउने।
- एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
- चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व बढाउने।
- "One Health Approach" मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनीकरण गर्ने।
- स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने।

**लक्ष्य**

- प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्ने।

**रणनीतिः**

- दिगो भूमि व्यवस्थापन, कृषि र सहकारीको माध्यमबाट प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण** :

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३७४९५१ | ३५०३५० | ० | ७२५३०१ | ४१२४४६ | ३८५३८५ | ० | ७९७८३१ | ४५३६९१ | ४२३९२४ | ० | ८७७६१४ |
| ३१२०००१२ | प्रदेश दुग्ध विकास बोर्ड | १९५२२ | २५६०५० | ० | २७५५७२ | २१४७४ | २८१६५५ | ० | ३०३१२९ | २३६२२ | ३०९८२१ | ० | ३३३४४२ |
| ३१२०००१३ | मालपोत तथा नापी कार्यालयहरुको सुदृढीकरण कार्यक्रम | ५०५०० | ० | ० | ५०५०० | ५५५५० | ० | ० | ५५५५० | ६११०५ | ० | ० | ६११०५ |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | ३४०६७५ | १८२६५० | ० | ५२३३२५ | ३७४७४३ | २००९१५ | ० | ५७५६५८ | ४१२२१७ | २२१००७ | ० | ६३३२२३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २३२०८ | ६४५० | ० | २९६५८ | २५५२९ | ७०९५ | ० | ३२६२४ | २८०८२ | ७८०५ | ० | ३५८८६ |
| ३१२०१०१३ | कन्दमूल तरकारी विकास केन्द्र | १६९८८ | ८२७० | ० | २५२५८ | १८६८७ | ९०९७ | ० | २७७८४ | २०५५५ | १०००७ | ० | ३०५६२ |
| ३१२०१०१४ | मसलाबारी विकास केन्द्र | २२५५२ | १८७०० | ० | ४१२५२ | २४८०७ | २०५७० | ० | ४५३७७ | २७२८८ | २२६२७ | ० | ४९९१५ |
| ३१२०१०१५ | पुष्प विकास केन्द्र | २५५२८ | १९५०० | ० | ४५०२८ | २८०८१ | २१४५० | ० | ४९५३१ | ३०८८९ | २३५९५ | ० | ५४४८४ |
| ३१२०१०१६ | शितोष्ण वागवानी नर्सरी केन्द्र | १७९०३ | १९९० | ० | १९८९३ | १९६९३ | २१८९ | ० | २१८८२ | २१६६३ | २४०८ | ० | २४०७१ |
| ३१२०१०१७ | किम्बु नर्सरी विकास केन्द्र | १५९३६ | २७७२ | ० | १८७०८ | १७५३० | ३०४९ | ० | २०५७९ | १९२८३ | ३३५४ | ० | २२६३७ |
| ३१२०१०१८ | उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र | २१०४९ | ८७०० | ० | २९७४९ | २३१५४ | ९५७० | ० | ३२७२४ | २५४६९ | १०५२७ | ० | ३५९९६ |
| ३१२०१०१९ | शितोष्ण फलफूल रुट स्टक विकास केन्द्र | १८७७६ | ४९०० | ० | २३६७६ | २०६५४ | ५३९० | ० | २६०४४ | २२७१९ | ५९२९ | ० | २८६४८ |
| ३१२०१०२० | माटो तथा मल परीक्षण प्रयोगशाला | १६९३९ | ३५१० | ० | २०४४९ | १८६३३ | ३८६१ | ० | २२४९४ | २०४९६ | ४२४७ | ० | २४७४३ |
| ३१२०१०२१ | बिउ बिजन प्रयोगशाला | १९४०८ | ९४७० | ० | २८८७८ | २१३४९ | १०४१७ | ० | ३१७६६ | २३४८४ | ११४५९ | ० | ३४९४२ |
| ३१२०१०२२ | बाली संरक्षण प्रयोगशाला | १५७३८ | ९७५ | ० | १६७१३ | १७३१२ | १०७३ | ० | १८३८४ | १९०४३ | ११८० | ० | २०२२३ |
| ३१२०१०२३ | कृषि ज्ञान केन्द्रहरु | ६५६०८५ | २२६३० | ० | ६७८७१५ | ७२१६९४ | २४८९३ | ० | ७४६५८७ | ७९३८६३ | २७३८२ | ० | ८२१२४५ |
| ३१२०१०२४ | व्यवसायिक ग्रेनेज केन्द्र | १४०११ | ३५८० | ० | १७५९१ | १५४१२ | ३९३८ | ० | १९३५० | १६९५३ | ४३३२ | ० | २१२८५ |
| ३१२०१०२५ | प्रजनन पिँढी बिज कोया स्रोत केन्द्र | १७६८९ | ३१९५ | ० | २०८८४ | १९४५८ | ३५१५ | ० | २२९७२ | २१४०४ | ३८६६ | ० | २५२७० |
| ३१२०११०१ | मौरी पालन विकास कार्यक्रम | २३२३९ | ५५० | ० | २३७८९ | २५५६३ | ६०५ | ० | २६१६८ | २८११९ | ६६६ | ० | २८७८५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २४३८४४ | ७०० | ० | २४४५४४ | २६८२२८ | ७७० | ० | २६८९९८ | २९५०५१ | ८४७ | ० | २९५८९८ |
| ३१२०२०१२ | पशुसेवा तालिम केन्द्र | १९०४२ | २४० | ० | १९२८२ | २०९४६ | २६४ | ० | २१२१० | २३०४१ | २९० | ० | २३३३१ |
| ३१२०२०१३ | बाख्रा विकास फार्म | १९१२३ | ३८५० | ० | २२९७३ | २१०३५ | ४२३५ | ० | २५२७० | २३१३९ | ४६५९ | ० | २७७९७ |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्रहरु | ३४४७३ | ३०४०३ | ० | ६४८७६ | ३७९२० | ३३४४३ | ० | ७१३६४ | ४१७१२ | ३६७८८ | ० | ७८५०० |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरु | ३९६५३९ | ३०६३५ | ० | ४२७१७४ | ४३६१९३ | ३३६९९ | ० | ४६९८९१ | ४७९८१२ | ३७०६८ | ० | ५१६८८१ |
| ३१२०३०११ | सहकारी प्रशिक्षालय | २३२२४ | १२०० | ० | २४४२४ | २५५४६ | १३२० | ० | २६८६६ | २८१०१ | १४५२ | ० | २९५५३ |
| ३१२९११२० | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम (संघ सशर्त अनुदान) | ६००० | ० | ० | ६००० | ६६०० | ० | ० | ६६०० | ७२६० | ० | ० | ७२६० |
| ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (संघ सशर्त अनुदान) | ३२०९०० | ० | ० | ३२०९०० | ३५२९९० | ० | ० | ३५२९९० | ३८८२८९ | ० | ० | ३८८२८९ |
| ३१२९११२२ | कृषि (संघ सशर्त अनुदान) | ५०५०० | ० | ० | ५०५०० | ५५५५० | ० | ० | ५५५५० | ६११०५ | ० | ० | ६११०५ |
| ३१२९११२३ | पशु सेवा (संघ सशर्त अनुदान) | १५१०० | ० | ० | १५१०० | १६६१० | ० | ० | १६६१० | १८२७१ | ० | ० | १८२७१ |

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

**पृष्ठभूमिः**

संबिधान जारी भएपछि राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तीको बाँडफाँट भएको छ। राज्यको पुनर्संरचना पश्चात देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेको छ। देशमा स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन भएपछि नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार यस बागमती प्रदेशमा सातवटा मन्त्रालयहरु स्थापना भई कार्य सञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। यस मन्त्रालयको कार्य क्षेत्र खास गरेर शान्ति सुरक्षा, सूचना तथा संचार र प्रदेश स्तरका कानूनहरुको तर्जुमा गर्ने रहेको छ।

प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी समग्र देशको शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने, नेपालको संविधानद्वारा प्रत्याभुत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसुचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन ब्यवस्था संचालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुर्याउनु यस मन्त्रालयको प्रमुख उद्देश्य रहेको छ।

**सोचः**

- नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवं प्रविधिमैत्री प्रदेश ।

**उद्देश्यहरुः**

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्बर्धन गर्ने।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रबिधिमैत्री शासन ब्यवस्था संचालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।
- प्रदेशमा विपद् उत्थानशीलता वृद्रि गर्ने।

**लक्ष्यः**

- जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी बिधिको शासन एवं प्रविधीमैत्री वातावरण सिर्जना गरी शासकीय प्रवन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ।

**रणनीतिः**

- जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी बिधिको शासन एवं प्रविधीमैत्री वातावरण श्रृजना गरी शासकीय प्रवन्ध मिलाउनु ।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१४०००११ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २२७३३९ | ६७६०५० | ० | ९०३३८९ | २५००७३ | ७४३६५५ | ० | ९९३७२८ | २७५०८० | ८१८०२१ | ० | १०९३१०१ |
| ३१४०००१२ | संचार रजिष्ट्रारको कार्यालय | २०८९४ | ३७०० | ० | २४५९४ | २२९८३ | ४०७० | ० | २७०५३ | २५२८२ | ४४७७ | ० | २९७५९ |

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधान लागू भए पश्चात देशमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार रहेको छ। संविधान प्रदत्त अधिकार तथा स्विकृत कार्य विभाजन नियमावली अनुसार विभिन्न क्षेत्रहरुमा तीनवटै तहका सरकारहरुबाट गरिने कार्य विभाजन गरिएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु बमोजिम बागमती प्रदेशका तेह्र जिल्लाहरुमा विभिन्न भौतिक संरचनाहरुको नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तर्जूमासहित विभिन्न अध्ययन अनुसन्धानका कार्यहरु, समन्वय र नियमन गर्न यस मन्त्रालयको स्थापना भएको छ। यसका अतिरिक्त आयोजना निर्माण, कार्यान्वयन, संचालन, मर्मत सम्भार लगायतका कार्यहरु यस मन्त्रालय मातहतका कार्यालयहरुबाट हुने परिकल्पना गरिएको छ।

**सोचः**

- "बागमती प्रदेश समृद्धिको आधारः श्रम, सिर्जना, उत्पादन, पूर्वाधार र रोजगार"

**उद्देश्यः**

- यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, भरपर्दो, व्यवस्थित बनाउन प्रदेश स्तरीय सडक सञ्जालको विकास तथा विस्तार गरी आर्थिक क्रियाकलाप सुदृढीकरण गर्नु।
- सम्पूर्ण सवारी साधनहरुको विवरण डिजिटाइजेसन गरी अनलाईन मार्फत् सेवा प्रदान गर्नु।
- प्रदेशभित्र किफायती, सुरक्षित, भरपर्दो र वातावरणमैत्री यातायात संचालनको लागि विद्युतीय सवारी साधन संचालन तथा व्यवस्थापन गर्नु।
- प्रदेशका सबै नागरिकहरुलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु।
- सिंचित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय, जलाशययुक्त आयोजना र भूमिगत सिंचाई आयोजनाहरुको अभिवृद्धि गर्नु।
- सिंचाइको आवश्यकता भएको स्थानमा सर्वयाम सिंचाई प्रणालीको विकास गर्नु।
- जलविद्युत लगायत वैकल्पिक उर्जाहरुको विकास तथा विस्तार गरी बागमती उज्यालो प्रदेशमा रुपान्तरण गर्नु।
- आधारभूत सुविधायुक्त, व्यवस्थित, सुरक्षित एवं पहिचानयुक्त शहरको विकास गर्नु।

**लक्ष्यः**

- श्रम सम्मान, सिर्जनात्मकता, उत्पादकत्व वृद्धि तथा रोजगारी वृद्धि गर्न गुणस्तरीय पूर्वाधारहरुको निर्माण गरी प्रदेशका नागरिकहरुलाई सर्वसुलभ खानेपानी सेवाको पहुँच, सुविधायुक्त व्यवस्थित र पहिचानयुक्त बस्ती विकास गर्ने, कृषि उत्पादनमा आत्मनिर्भरताको लागि सर्वयाम सिंचाई प्रणाली विस्तार गर्ने र सुरक्षित तथा भरपर्दो सडक सञ्जालको विकास गर्ने।

**रणनीति**

- पूर्वाधारहरुको निर्माण गरी सबै नागरिकलाई सर्वसुलभ खानेपानी सेवाको पहुँच सुविधायुक्त, व्यवस्थित र पहिचानयुक्त बस्ती विकास गर्ने, विद्युतमा आत्मनिर्भरता, कृषि उत्पादकत्व तथा उत्पादनमा वृद्धि तथा सडक सञ्चालनको विस्तार गर्ने ।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३३७०००११ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०२६३४ | १७०९५३० | ० | १९१२१६४ | २२२८९७ | १८८०४८३ | ० | २१०३३८० | २४५१८७ | २०६८५३१ | ० | २०२६३४ |
| ३३७०००१२ | पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भीमफेदी कुलेखानी) | १३४४८ | ७६३३०७ | ० | ७७६७५५ | १४७९३ | ८३९६३८ | ० | ८५४४३१ | १६२७२ | ९२३६०१ | ० | ९३९८७४ |
| ३३७०००१३ | प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड, मकवानपुर | ४५०३७ | ५१०५०० | ० | ५५५५३७ | ४९५४१ | ५६१५५० | ० | ६११०९१ | ५४४९५ | ६१७७०५ | ० | ६७२२०० |
| ३३७०००१५ | प्रादेशिक लोकमार्ग | ० | १२९१६०० | ० | १२९१६०० | ० | १४२०७६० | ० | १४२०७६० | ० | १५६२८३६ | ० | १५६२८३६ |
| ३३७०००१६ | प्रादेशिक मार्ग | ० | ३२४८७०० | ० | ३२४८७०० | ० | ३५७३५७० | ० | ३५७३५७० | ० | ३९३०९२७ | ० | ३९३०९२७ |
| ३३७०००१७ | शहरी तथा स्थानीय सडक | ० | १८७२९५१ | ० | १८७२९५१ | ० | २०६०२४६ | ० | २०६०२४६ | ० | २२६६२७१ | ० | २२६६२७१ |
| ३३७०००१८ | प्रादेशिक सडकपुल तथा झोलेङ्गेपुल | ० | १२८३७०० | ० | १२८३७०० | ० | १४१२०७० | ० | १४१२०७० | ० | १५५३२७७ | ० | १५५३२७७ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३७०००१९ | सडक मर्मत सम्भार, सुरक्षा तथा अन्य पूर्वाधार | ० | १८५२५० | ० | १८५२५० | ० | २०३७७५ | ० | २०३७७५ | ० | २२४१५३ | ० | २२४१५३ |
| ३३७०००२३ | प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना | २२५६९ | ९५०६५० | ० | ९७३२१९ | २४८२६ | १०४५७१५ | ० | १०७०५४१ | २७३०८ | ११५०२८७ | ० | ११७७५९५ |
| ३७००१०११ | यातायात पूर्वाधार निर्देशनालय | २०४७५ | ५४६५० | ० | ७५१२५ | २२५२३ | ६०११५ | ० | ८२६३८ | २४७७५ | ६६१२७ | ० | ९०९०१ |
| ३७००१०१२ | पूर्वाधार विकास कार्यालयहरु | ११८४०४ | २३०० | ० | १२०७०४ | १३०२४४ | २५३० | ० | १३२७७४ | १४३२६९ | २७८३ | ० | १४६०५२ |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | २२०१०६ | ९५१० | ० | २२९६१६ | २४२११७ | १०४६१ | ० | २५२५७८ | २६६३२८ | ११५०७ | ० | २७७८३५ |
| ३३७०२०१२ | यातायात व्यवस्था सेवा कार्यालयहरु | ५०७५६ | ६२५० | ० | ५७००६ | ५५८३२ | ६८७५ | ० | ६२७०७ | ६१४१५ | ७५६३ | ० | ६८९७७ |
| ३३७०३०११ | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु | १३०३९५ | २३०३५०० | ० | २४३३८९५ | १४३४३५ | २५३३८५० | ० | २६७७२८५ | १५७७७८ | २७८७२३५ | ० | २९४५०१३ |
| ३३७०३०१२ | भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु | २१६५५ | २४५३०० | ० | २६६९५५ | २३८२१ | २६९८३० | ० | २९३६५१ | २६२०३ | २९६८१३ | ० | ३२३०१६ |
| ३३७०४०११ | शहरी विकास तथा भवन कार्यालयहरु | ५०६८६ | १०८८७०० | ० | ११३९३८६ | ५५७५५ | ११९७५७० | ० | १२५३३२५ | ६१३३० | १३१७३२७ | ० | १३७८६५७ |
| ३३७०५०११ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु | ४४४६८ | १८४६८०० | ० | १८९१२६८ | ४८९१५ | २०३१४८० | ० | २०८०३९५ | ५३८०६ | २२३४६२८ | ० | २२८८४३४ |
| ३३७९११२० | सह-लगानी (संघ सशर्त अनुदान) | १०००० | ० | ० | १०००० | ११००० | ० | ० | ११००० | १२१०० | ० | ० | १२१०० |
| ३३७९११२१ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम (संघ सशर्त अनुदान) | ८००० | ० | ० | ८००० | ८८०० | ० | ० | ८८०० | ९६८० | ० | ० | ९६८० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३७९११२२ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (संघ सशर्त अनुदान) | ७७८०० | ० | ० | ७७८०० | ८५५८० | ० | ० | ८५५८० | ९४१३८ | ० | ० | ९४१३८ |
| ३३७९११२३ | नदी नियन्त्रण (संघ सशर्त अनुदान) | १९००० | ० | ० | १९००० | २०९०० | ० | ० | २०९०० | २२९९० | ० | ० | २२९९० |
| ३७९११२४ | मर्मत सम्भार आयोजनाहरु (संघ सशर्त अनुदान) | ११४००० | ० | ० | ११४००० | १२५४०० | ० | ० | १२५४०० | १३७९४० | ० | ० | १३७९४० |
| ३३७९११२५ | सिंचाई पुनर्स्थापना आयोजना (कुवेत फण्ड) (संघ सशर्त अनुदान) | २९६७०० | ० | ० | २९६७०० | ३२६३७० | ० | ० | ३२६३७० | ३५९००७ | ० | ० | ३५९००७ |
| ३३७९११२६ | समृद्ध तराई मधेस सिंचाई विशेष कार्यक्रम (संघ सशर्त अनुदान) | ४००० | ० | ० | ४००० | ४४०० | ० | ० | ४४०० | ४८४० | ० | ० | ४८४० |
| ३३७९११२७ | भुमिगत स्यालो तथा डिप ट्युववर्ल सिंचाई आयोजना (संघ सशर्त अनुदान) | १००० | ० | ० | १००० | ११०० | ० | ० | ११०० | १२१० | ० | ० | १२१० |
| ३३७९११२८ | मझौला सिंचाई आयोजना (संघ सशर्त अनुदान) | २८८७०० | ० | ० | २८८७०० | ३१७५७० | ० | ० | ३१७५७० | ३४९३२७ | ० | ० | ३४९३२७ |
| ३३७९११२९ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम (संघ सशर्त अनुदान) | २८४०० | ० | ० | २८४०० | ३१२४० | ० | ० | ३१२४० | ३४३६४ | ० | ० | ३४३६४ |
| ३३७९११३० | जलवायु अनुकुलित बृहत खानेपानी आयोजना (संघ सशर्त अनुदान) | ५४२५०० | ० | ० | ५४२५०० | ५९६७५० | ० | ० | ५९६७५० | ६५६४२५ | ० | ० | ६५६४२५ |
| ३३७९११३१ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम (संघ सशर्त अनुदान) | ६५०० | ० | ० | ६५०० | ७१५० | ० | ० | ७१५० | ७८६५ | ० | ० | ७८६५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३७९११३२ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम (संघ सशर्त अनुदान) | ३००० | ० | ० | ३००० | ३३०० | ० | ० | ३३०० | ३६३० | ० | ० | ३६३० |
| ३३७९११३३ | तराई-मधेश खानेपानी सुधार कार्यक्रम (संघ सशर्त अनुदान) | २६३०० | ० | ० | २६३०० | २८९३० | ० | ० | २८९३० | ३१८२३ | ० | ० | ३१८२३ |
| ३३७९११३४ | वातावरणीय सरसफाई आयोजना (संघ सशर्त अनुदान) | ७००० | ० | ० | ७००० | ७७०० | ० | ० | ७७०० | ८४७० | ० | ० | ८४७० |
| ३३७९११३५ | केन्द्रिय खानेपानी आयोजना (संघ सशर्त अनुदान) | ७००० | ० | ० | ७००० | ७७०० | ० | ० | ७७०० | ८४७० | ० | ० | ८४७० |
| ३३७९११३६ | अन्य उत्तर दक्षिण सडकहरु (संघ सशर्त अनुदान) | ७०००० | ० | ० | ७०००० | ७७००० | ० | ० | ७७००० | ८४७०० | ० | ० | ८४७०० |
| ३३७९११३७ | सम्भावित रणनीतिक सडकहरु (संघ सशर्त अनुदान) | ११४१०० | ० | ० | ११४१०० | १२५५१० | ० | ० | १२५५१० | १३८०६१ | ० | ० | १३८०६१ |
| ३३७९११३८ | सम्भावित प्रादेशिक सडकहरु (संघ सशर्त अनुदान) | ७२६००० | ० | ० | ७२६००० | ७९८६०० | ० | ० | ७९८६०० | ८७८४६० | ० | ० | ८७८४६० |
| ३३७९११३९ | आवास व्यवस्था कार्यक्रम (संघ सशर्त अनुदान) | १५०००० | ० | ० | १५०००० | १६५००० | ० | ० | १६५००० | १८१५०० | ० | ० | १८१५०० |
| ३३७९११४० | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम (संघ सशर्त अनुदान) | ५००० | ० | ० | ५००० | ५५०० | ० | ० | ५५०० | ६०५० | ० | ० | ६०५० |
| ३३७९११४१ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना (संघ सशर्त अनुदान) | २९३००० | ० | ० | २९३००० | ३२२३०० | ० | ० | ३२२३०० | ३५४५३० | ० | ० | ३५४५३० |

# सामाजिक विकास मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानले गरेको तीन तहको शासकीय स्वरुप अनुरुप गठित प्रदेश सरकारका मन्त्रालयहरु मध्ये सामाजिक विकास मन्त्रालय एक महत्वपूर्ण कार्य जिम्मेवारी सम्पादन गर्ने गरी स्थापना भएको मन्त्रालय हो । प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयलाई शिक्षा, स्वास्थ्य, युवा, खेलकुद, भाषा, संस्कृति, पुरातत्व, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, सामाजिक सुरक्षा, श्रम तथा रोजगार जस्ता विषय क्षेत्रहरुको कार्य जिम्मेवारी तोकिएको छ। खास गरी नागरिकलाई सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराई जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्ग तथा असक्त नागरिकलाई समान व्यवहार र विशेष सेवा सुविधा उपलब्ध गराउनु, युवाहरुको सार्थक सहभागिताका साथ स्वरोजगार र उद्यमशीलता विकासगरी प्रदेशको समृद्धिमा सहयोग पुऱ्याउनु, खेलकुद पूर्वाधारको विकास र खेलाडीहरुको व्यावसायिक क्षमता अभिवृद्धि, भाषा, लिपि, कला संस्कृतिको संरक्षण र प्रयोग, स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण, विकास र प्रवर्द्धन लगायतका कार्यहरु सम्पादन गरी सेवा र सुविधा प्रवाह गर्नु मन्त्रालयको प्रमुख जिम्मेवारी हो।

**सोचः**

- गुणस्तरीय शिक्षा, दक्ष जनशक्ति समृद्ध प्रदेश स्वस्थ नागरिक, गुणस्तीय जीवनयापन, प्रदेशको गौरव युवाको पौरख, प्रदेशको पहिचान, भाषा संस्कृति र कलाको प्रवर्द्धन।

**उद्देश्यः**

- गुणस्तरीय शिक्षामा सबै वर्ग एवं समुदायको समतामुलक पहुँच स्थापित गर्नु
- प्राविधिक एवं व्यवहारिक शिक्षाको विकास एवम विस्तार गर्नु ।
- युवा उद्यमशिलता र रोजगारीको अभिवृद्धि गर्नु ।
- आधारभुत स्वास्थ्य सेवामा निः शुल्क र सर्व सुलभ पहुँच सुनिश्चित गर्नु ।
- स्वास्थ्य प्रणालीमा सुधार तथा सेवाको गुणस्तर अभिवृद्धि गर्नु ।
- सामाजिक रुपमा पछाडि परेको वर्ग र समुदायको उत्थानका लागि आवश्यक कार्यक्रमहरु प्रवाह गर्नु ।

**लक्ष्यः**

- प्रतिस्पर्धी, उद्यमशील र नव प्रवर्तनशील मावन पुँजीको निर्माण गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने ।
- स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुने ।
- युवा शक्तिको विकासबाट प्रदेशको समृद्धिमा योगदान पुग्नुका साथै खेलकुदको विकास द्वारा स्वास्थ्य, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण भएको हुने ।

## त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | १,६६८,६९३ | ६६२३११ | ० | २३३१००४ | १८३५५६२ | ७२८५४२ | ० | २५६४१०४ | २०१९१११९ | ८०१३९६ | ० | २८२०५१५ |
| ३५०००१६ | प्रदेश युवा परिषद्, मकवानपुर | ५००३५ | २३३० | ० | ५२३६५ | ५५०३९ | २५६३ | ० | ५७६०२ | ६०५४२ | २८१९ | ० | ६३३६२ |
| ३५०००१८ | प्रादेशिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बागमती | ० | २२००० | ० | २२००० | ० | २४२०० | ० | २४२०० | ० | २६६२० | ० | २६६२० |
| ३५०००१९ | कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापन | २२७४७२३ | २७२००० | ० | २५४६७२३ | २५०२१९५ | २९९२०० | ० | २८०१३९५ | २७५२४१५ | ३२९१२० | ० | ३०८१५३५ |
| ३५०००११७ | प्रदेश खेलकुद विकास परिषद्, मकवानपुर | ६६६१२ | २४०० | ० | ६९०१२ | ७३२७३ | २६४० | ० | ७५९१३ | ८०६०१ | २९०४ | ० | ८३५०५ |
| ३५०००११८ | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ० | २४२०००० | ० | २४२०००० | ० | २६६२००० | ० | २६६२००० | ० | २९२८२०० | ० | २९२८२०० |
| ३५०००११९ | सामाजिक विकास मन्त्रालय -संघ विशेष अनुदान | ११५३७० | ९१७३० | ० | २०७१०० | १२६९०७ | १००९०३ | ० | २२७८१० | १३९५९८ | ११०९९३ | ० | २५०५९१ |
| ३५००१०११ | स्वास्थ्य निर्देशनालय | २४५०८९ | ३१३५ | ० | २४८२२४ | २६९५९८ | ३४४९ | ० | २७३०४६ | २९६५५८ | ३७९३ | ० | ३००३५१ |
| ३५००२०११ | स्वास्थ्य निर्देशनालय | ५५८२१ | ४०० | ० | ५६२२१ | ६१४०३ | ४४० | ० | ६१८४३ | ६७५४३ | ४८४ | ० | ६८०२७ |
| ३५००२०१२ | स्वास्थ्य कार्यालयहरु | २२४७२२ | १००८० | ० | २३४८०२ | २४७१९४ | ११०८८ | ० | २५८२८२ | २७१९१४ | १२१९७ | ० | २८४११० |
| ३५००२०१३ | अस्पतालहरु | ७४३३९९ | ८४२०० | ० | ८२७५९९ | ८१७७३९ | ९२६२० | ० | ९१०३५९ | ८९९५१३ | १०१८८२ | ० | १००१३९५ |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरु | १२०६६३ | ३००० | ० | १२३६६३ | १३२७२९ | ३३०० | ० | १३६०२९ | १४६००२ | ३६३० | ० | १४९६३२ |
| ३५००३०११ | शिक्षा तालिम केन्द्र | ४४२३३ | ५८३० | ० | ५००६३ | ४८६५६ | ६४१३ | ० | ५५०६९ | ५३५२२ | ७०५४ | ० | ६०५७६ |
| ३५००४०११ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु | ७९७२४ | ३५० | ० | ८००७४ | ८७६९६ | ३८५ | ० | ८८०८१ | ९६४६६ | ४२४ | ० | ९६८९० |
| ३५००५०११ | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ९१०७४ | ७६५०० | ० | १६७५७४ | १००१८१ | ८४१५० | ० | १८४३३१ | ११०२०० | ९२५६५ | ० | २०२७६५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५००६०११ | स्वास्थ्य तालिम केन्द्र | ४३०१९ | २००५ | ० | ४५०२४ | ४७३२१ | २२०६ | ० | ४९५२६ | ५२०५३ | २४२६ | ० | ५४४७९ |
| ३५००७०११ | जनस्वास्थ्य प्रयोगशाला | ३४१९९ | ४५० | ० | ३४६४९ | ३७६१९ | ४९५ | ० | ३८११४ | ४१३८१ | ५४५ | ० | ४१९२५ |
| ३५०९११२० | राष्ट्रिय युवा परिचालन कार्यक्रम (संघ सशर्त अनुदान) | २८६०० | ० | ० | २८६०० | ३१४६० | ० | ० | ३१४६० | ३४६०६ | ० | ० | ३४६०६ |
| ३५०९११२१ | राष्ट्रिय खेलकुद परिषद् (संघ सशर्त अनुदान) | २०६०० | ० | ० | २०६०० | २२६६० | ० | ० | २२६६० | २४९२६ | ० | ० | २४९२६ |
| ३५०९११२२ | राष्ट्रिय युवा परिषद् (संघ सशर्त अनुदान) | १९०० | ० | ० | १९०० | २०९० | ० | ० | २०९० | २२९९ | ० | ० | २२९९ |
| ३५०९११२३ | सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रम (संघ सशर्त अनुदान) | २०० | ० | ० | २०० | २२० | ० | ० | २२० | २४२ | ० | ० | २४२ |
| ३५०९११२४ | विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर (संघ सशर्त अनुदान) | ८७३०० | ० | ० | ८७३०० | ९६०३० | ० | ० | ९६०३० | १०५६३३ | ० | ० | १०५६३३ |
| ३५०९११२५ | राष्ट्रिय परीक्षा बोर्ड (संघ सशर्त अनुदान) | ५३९०० | ० | ० | ५३९०० | ५९२९० | ० | ० | ५९२९० | ६५२१९ | ० | ० | ६५२१९ |
| ३५०९११२६ | राष्ट्रिय शिक्षा तथा व्यवसायिक तालिम परिषद् (संघ सशर्त अनुदान) | ८९०२०० | ० | ० | ८९०२०० | ९७९२२० | ० | ० | ९७९२२० | १०७७१४२ | ० | ० | १०७७१४२ |
| ३५०९११२७ | क्षयरोग नियन्त्रण (संघ सशर्त अनुदान) | २६७०० | ० | ० | २६७०० | २९३७० | ० | ० | २९३७० | ३२३०७ | ० | ० | ३२३०७ |
| ३५०९११२८ | एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त अनुदान) | १७४०० | ० | ० | १७४०० | १९१४० | ० | ० | १९१४० | २१०५४ | ० | ० | २१०५४ |
| ३५०९११२९ | एकिकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम (संघ सशर्त अनुदान) | ५६९५०० | ० | ० | ५६९५०० | ६२६४५० | ० | ० | ६२६४५० | ६८९०९५ | ० | ० | ६८९०९५ |
| ३५०९११३० | महामारी तथा रोग नियन्त्रण कार्यक्रम (संघ सशर्त अनुदान) | ६४६०० | ० | ० | ६४६०० | ७१०६० | ० | ० | ७१०६० | ७८१६६ | ० | ० | ७८१६६ |
| ३५०९११३१ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) | ३९७०० | ० | ० | ३९७०० | ४३६७० | ० | ० | ४३६७० | ४८०३७ | ० | ० | ४८०३७ |
| ३५०९११३२ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ सशर्त अनुदान) | ७५०० | ० | ० | ७५०० | ८२५० | ० | ० | ८२५० | ९०७५ | ० | ० | ९०७५ |
| ३५०९११३३ | राष्ट्रिय तालिम कार्यक्रम (संघ सशर्त अनुदान) | ५७०० | ० | ० | ५७०० | ६२७० | ० | ० | ६२७० | ६८९७ | ० | ० | ६८९७ |
| ३५०९११३४ | उपचारात्मक सेवा कार्यक्रम (संघ सशर्त अनुदान) | ५२६०० | ० | ० | ५२६०० | ५७८६० | ० | ० | ५७८६० | ६३६४६ | ० | ० | ६३६४६ |
| ३५०९११३५ | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (संघ सशर्त अनुदान) | ८३५०० | ० | ० | ८३५०० | ९१८५० | ० | ० | ९१८५० | १०१०३५ | ० | ० | १०१०३५ |
| ३५०९११३६ | आयुर्वेद सेवा कार्यक्रम (संघ सशर्त अनुदान) | ७७५०० | ० | ० | ७७५०० | ८५२५० | ० | ० | ८५२५० | ९३७७५ | ० | ० | ९३७७५ |
| ३५०९११३७ | रोजगार प्रवर्द्धन कार्यक्रम(संघ सशर्त अनुदान) | १००० | ० | ० | १००० | ११०० | ० | ० | ११०० | १२१० | ० | ० | १२१० |

# प्रदेश नीति तथा योजना आयोग

**पृष्ठभूमिः**

परियोजनाको पहिचान, वर्गीकरण, छनौट, विश्लेषण, मुल्याङ्कन र प्राथमिकताको मापदण्ड विकास गरी प्रादेशिक परियोजना बैंकको स्थापना गर्नु उपयुक्त हुन्छ। नेपालमा प्रदेशस्तरीय योजना प्रक्रियाको भर्खरै सुरूवात भएको छ, तर तथ्याङ्क व्यवस्थापन भइसकेको स्थिति छैन। प्रदेश र स्थानीय तहको तथ्याङ्क जिल्लागत रुपमा छुट्याएर लिनुपर्ने स्थिति रहनुका साथै खण्डिकृत तथ्यांक समेत आवश्यक छ। अधिकांश तथ्याङ्क २०६८ को जनगणनामा आधारित छन्। प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन, राष्ट्रिय तथा अन्तरप्रदेश विकास परियोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, तथ्याङ्क, सुचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीती, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यन्वयन र नियमन तथा संध र स्थानीय तह सँग सहयोग, समन्वय र सहकार्य जस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन।

**सोचः**

- तथ्याङ्क र सूचनामा आधारित नतिजामुखी योजना तर्जुमा, अनुगमन र मुल्याङ्कन प्रणाली।

**लक्ष्यः**

- योजनाको हरेक श्रृंखलाहरु यथार्थपरक, अन्तर सम्बन्धित, व्यवहारिक भई लक्ष्य र प्रगति वीचमा सामञ्जस्यता स्थापित भएको हुने।

**उद्देश्यः**

- तथ्याङ्क एवं मापदण्डमा आधारित योजना तर्जुमा गर्नु,
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउनु,
- अनुसन्धान र विकासलाई योजनाको आधारको रुपमा स्थापित गर्नु, र
- परियोजना बैकमा आधारित योजना प्रणाली स्थापित गर्नु।

**रणनीतिः**

- सुदृढ तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापनको आधार तयार गर्ने।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई यथार्थपरक, व्यवहारिक र परिणामुखी बनाउने,
- योजना निर्माण र मूल्याङ्कनमा सहयोगी हुने नव अनुसन्धान र विकासमा जोड दिने
- परियोजना बैंकमा आधारित योजना प्रणालीलाई स्थापित गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३९१०००११ | प्रदेश नीति तथा योजना आयोग | ४२७०५ | ७००० | ० | ४९७०५ | ४६९७६ | ७७०० | ० | ५४६७६ | ५१६७३ | ८४७० | ० | ६०१४३ |

# वित्तीय व्यवस्था

बागमती प्रदेश सरकारले विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस महामारीबाट सिथिल भएका कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित क्षेत्रहरुमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण व्याजदरमा ऋण उपलव्ध गराउन बजेट व्यवस्थाका लागि आर्थिक वर्ष २०७७/७८ देखि वित्तीय व्यवस्थालाई निरन्तरता दिएको छ।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७८/०७९) | | | | दोस्रो वर्ष (२०७९/०८०) | | | | तेस्रो वर्ष (२०८०/०८१) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ५०१००१०२ | वित्तीय व्यवस्था | ० | ० | २०००००० | २०००००० | ० | ० | २०००००० | २०००००० | ० | ० | २०००००० | २०००००० |

**निष्कर्ष:**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारी दोस्रो लहरको कारण लगानी, श्रम, उत्पादन, व्यापार र पर्यटन लगायतका क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन महामारी लगायत विपद् जोखिम न्यूनीकरण गर्ने विषयलाई प्राथमिकता दिई अर्थतन्त्रको पुनरुत्थान मार्फत विकासका लक्ष्य हासिल गर्ने किसिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन गर्दै राष्ट्रिय पन्ध्रौ योजना र वागमती प्रदेशको आवधिक योजनाले लिएका सोच, लक्ष्य र उद्देश्यलाई आत्मसात् गर्दै समन्यायिक आर्थिक समृद्धि र नागरिकको जीवनमा गुणात्मक सुधार गर्नु, निरपेक्ष तथा बहुआयामिक गरिबीको अन्त्य गरी नागरिकको परिष्कृत एवम् मर्यादित जीवनयापनको वातावरण सिर्जना र सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्दै न्यायपूर्ण समाजको निर्माण गर्नु निकै चुनौतिपूर्ण देखिन्छ।

यस प्रदेशमा व्यवस्थित शहरीकरण, एकीकृत एवम् सुरक्षित बस्ती विकास, ग्रामीण पूर्वाधार विकास, स्वच्छ ऊर्जाको उपभोगमा वृद्धि र सूचना प्रविधिको विकास गर्नु, कृषि र वनजन्य उत्पादनमा व्यावसायीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, स्वस्थ र शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारीका अवसर अभिवृद्धि गरी जनसाङ्ख्यिक लाभको उपयोग गर्नु आवश्यक छ। प्रदेशको समष्टिगत आर्थिक स्थायित्व कायम गर्न साधन-स्रोतको लागत अनुमान, वितरण र जनशक्ति एवम् संस्थागत प्रबन्ध गर्नु तथा तीनै तहमा सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्त अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना कोशेढुंगा सावित हुने देखिन्छ।

सरकारका तीनै तहका सरकार वीचको समन्वय, सहकार्य र सहभागितामा दिगो विकास, समृद्धि र सुशासनका क्षेत्रमा हुने प्रतिस्पर्धा भावना आफैंमा अवसरको रुपमा रहेको छ। प्रदेश सरकारवाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणबाट पुँजीगत खर्च र गुणस्तर अभिवृद्धि भई सार्वजनिक सेवा प्रवाहमा सुधार, स्थानीय अर्थतन्त्रको विकासबाट रोजगारी, आय-आर्जन र गरीबी न्यूनीकरण एवम् राष्ट्रिय उत्पादनमा बढोत्तरी हुने सम्भावना रहनुका साथै प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक सांस्कृतिक विविधताको बहुआयामिक उपभोग अवसरको रुपमा रहेको छ। आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासबाट सेवा क्षेत्रको विस्तार भई अर्थतन्त्रको उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना बढोत्तरीमा मद्दत पुग्नेछ। प्रस्तुत परिवेशमा कोरोना महामारीले सिर्जना गरेका अवसरलाई आत्मसात् एवम् चुनौतिहरुको सामाना गर्दै आर्थिक पुनरुत्थान र समृद्धिको दिशामा अगाडी बढ्न मध्यमकालीन खर्च संरचना उपयोगी हुने अपेक्षा गर्न सकिन्छ।

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

फोन नं: ०५७-५२७५१८/५२७५२०

इमेलः moeap@bagamati.gov.np

वेबसाइटः www.moeap.bagamati.gov.np